बैठक संख्या:४

मिति:२०८१/०५/२८

**प्रस्तावहरु:**

१. सियारी गाउँपालिकाको लोगो सम्बन्धमा।
२. संविधान दिवस-२०८१ मनाउने सम्बन्धमा।
३. उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा।
४. विपन्न परिवारका लागि सियारी आवास निर्माणमा लाभग्राही छनोट सम्बन्धमा।
५. सियारी गाउँपालिकाको विभिन्न स्थानको मुख्य सडक क्षेत्रमा सडक बत्ति जडान र मुख्य चोकहरुमा हाइ मास्ट लाइट तथा एकीकृत सूचना प्रसारण डिजिटल बोर्ड जडान गरि सडक स्तरोन्नति र पर्यटन प्रवर्धन कार्यको संक्षिप्त वातावरणीय अध्ययनको कार्यसूची स्वीकृत सम्बन्धमा।
६. श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) नेपालसंग सडक बत्ती , हाईमास्क लाइट तथा डिजिटल बोर्ड माग सम्बन्धमा।
७. नेपाल विद्युत प्राधिकरण, अमुवा वितरण केन्द्रको सहयोग तथा समन्वयमा सडक बत्ती जडान कार्यको लागि प्राविधिक अध्ययन गर्ने सम्बन्धमा।
८. विविध।

**निर्णयहरु:**

निर्णय नं १. प्रस्ताव नं १ माथि छलफल गर्दा सियारी गाउँपालिकाको लोगो निर्माण समितिबाट सिफारिस भइ आएको सियारी लोगोलाई परिमार्जन सहित पारित गर्ने निर्णय गरियो।

निर्णय नं २. प्रस्ताव नं २ माथि छलफल गर्दा दशौँ संविधान दिवस तथा पाँचौं सियारी शिक्षा दिवस मिति:२०८१/०६/०३ गतेका दिन बृहत कार्यक्रमको आयोजना गरि मनाउने निर्णय गरियो।

क. प्रमुख अतिथि – जिल्ला समन्वय प्रमुख श्री उमाकान्त चपाई ज्यूलाई आमन्त्रण गर्ने।
ख. प्रजातान्त्रिक आन्दोलनमा योगदान पुर्याएका व्यक्तिहरुलाई सम्मान गर्ने।
ग. लामो समय सार्वजनिक सेवा प्रवाह गर्नुभएका राष्ट्रसेवक कर्मचारी र उत्कृष्ट कार्यसम्पादन गरेका कर्मचारीहरुलाई सम्मान गर्ने।
घ. यस गाउँपालिकालाई सहयोग पुर्याउने संघसंस्थाहरुलाई सम्मान गर्ने।
ङ. बृहत रक्तदान कार्यक्रम संचालन गर्ने।
च. विभिन्न विद्यालयका छात्रछात्राहरुलाई छात्रवृत्ति प्रदान गर्ने।
छ. यस गाउँपालिका र मातहतका वडा कार्यालय, संघसंस्था र विद्यालयहरुमा सरसफाई गर्ने गराउने र आश्विन २, ३ र ४ गते साँझ दिप प्रज्वलन गर्ने।
ज. सम्मानित हुने व्यक्ति र संघसंस्थाहरुको छनोट गर्ने जिम्मेवारी गाउँपालिका अध्यक्षलाई दिने निर्णय गरियो।

थानेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष